तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बैठक संख्या नं. : ४०

आज मिति २०७५ साल साउन ३० गते विहान ७:३० बजे यस तिलोत्तमा नगरपालिकामा नगर प्रमुख श्री बासुदेव घिमिरेको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमको उपस्थितिमा निम्नानुसारका निर्णयहरु गरियो ।

| क.स. | पद/दर्जा | पदाधिकारीको नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १. | नगर कार्यपालिका अध्यक्ष | प्रमुख, श्री बासुदेव घिमिरे | |
| २. | नगर कार्यपालिका सदस्य | उप-प्रमुख, श्री जगेश्वर देवी चौधरी | |
| ३. | नगर कार्यपालिका सदस्य | श्री तामानाथ पाण्डेय | |
| ४. | नगर कार्यपालिका सदस्य | श्री दधिराम गौतम | |
| ५. | नगर कार्यपालिका सदस्य | श्री टंक प्रसाद तिवारी | |
| ६. | नगर कार्यपालिका सदस्य | श्री दिवाकर ढकाल | |
| ७. | नगर कार्यपालिका सदस्य | श्री चेतनारायण भण्डारी | |
| ८. | नगर कार्यपालिका सदस्य | श्री सुखदेव न्यौपाने | |
| ९. | नगर कार्यपालिका सदस्य | श्री दुर्गाप्रसाद पाण्डे | |
| १०. | नगर कार्यपालिका सदस्य | श्री कृष्णप्रसाद पौडेल | |
| ११. | नगर कार्यपालिका सदस्य | श्री नारायण न्यौपाने | |
| १२. | नगर कार्यपालिका सदस्य | श्री व्यासमुन थारु | |
| १३. | नगर कार्यपालिका सदस्य | श्री मुक्तिनारायण चौधरी | |
| १४. | नगर कार्यपालिका सदस्य | श्री सहदेव थारु | |
| १५. | नगर कार्यपालिका सदस्य | श्री गणेश न्यौपाने | |
| १६. | नगर कार्यपालिका सदस्य | श्री सोहन प्रसाद थारु | |
| १७. | नगर कार्यपालिका सदस्य | श्री खेमराज गुरुङ्ग | |
| १८. | नगर कार्यपालिका सदस्य | श्री झविलाल भुसाल | |
| १९. | नगर कार्यपालिका सदस्य | श्री दान बहादुर चौधरी | |
| २०. | नगर कार्यपालिका सदस्य | श्री सुरेन्द्र श्री | |
| २१. | नगर कार्यपालिका सदस्य | श्री गिता कुमारी सापकोटा | |
| २२. | नगर कार्यपालिका सदस्य | श्री गायत्री पाण्डे | |
| २३. | नगर कार्यपालिका सदस्य | श्री संगिता गुरुङ | |
| २४. | नगर कार्यपालिका सदस्य | श्री राधा शाही | |
| २५. | नगर कार्यपालिका सदस्य | श्री मिरा कुमारी वि.क. | |
| २६. | नगर कार्यपालिका सदस्य | श्री लक्ष्मण नेपाली | |
| २७. | नगर कार्यपालिका सदस्य | श्री हर्क बहादुर रम्तेल | |
| २८. | सचिव | | |

Scanned by CamScanner

**तिलोत्तमा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बैठक संख्या नं. ४०, मिति २०७५।०४।३०, समय: ७:३० बजे**

**प्रस्तावहरु:**

१. संकलित नगर तथ्याङ्क सम्बन्धमा ।
२. वृक्षारोपण सप्ताह सम्बन्धमा ।
३. जीर्ण सडकहरुको सम्बन्धमा ।
४. शहरी स्वास्थ्य केन्द्र, करहिया स्वास्थ्य चौकी, नगरस्तरीय सामुदायिक अस्पताल तथा प्रदेश स्तरीय मेडिकल कलेज सम्बन्धमा ।
५. विविध ।
   क) पूर्व प्राथमिक विद्यालय तथा टिचिङ्ग सेन्टर सम्बन्धमा ।
   ख) नगर प्रहरी तथा नाकाका कर्मचारी सम्बन्धमा ।
   ग) नगर प्रहरी संचालन तथा व्यवस्थापन कार्यविधि,२०७५ संशोधन सम्बन्धमा ।
   घ) सम्पत्ति कर व्यवस्थापन कार्यविधि,२०७४ संशोधन सम्बन्धमा ।

**निर्णय नं. १**

- तिलोत्तमा नगरपालिको नगर प्रोफाईल तयार गर्ने उद्येश्यले हालसम्म संकलित तथ्याङ्कहरुको बारेमा बैठकमा जानकारी गराईयो । तथ्याङ्क संकलनका क्रममा विवरणहरु छुट हुन गएको भएमा सम्बन्धित वडाले २०७५।०५।१५ गते भित्र उपलब्ध गराई उक्त कार्यलाई पूर्णता दिने निर्णय गरियो ।

**निर्णय नं. २**

- मिति २०७५।०४।२६ गते देखि शुरु गरिएको "वृक्षारोपण सप्ताह" कार्यक्रम अति नै समय सान्दर्भिक भएको, नगरबासीहरुले उत्साहजनक रुपमा अर्थपूर्ण सहभागिता जनाई यस कार्यक्रमलाई सफल बनाउन लागि परेको र अझै थप बोटविरुवा रोप्नको लागि इच्छुक देखिएको हुँदा वृक्षारोपण कार्यक्रमलाई आगामी भाद्र मसान्तसम्म निरन्तरता दिने र औपचारिक रुपमा मिति २०७५।०५।०१ गतेका दिन बिहान ७:०० बजे तिलोत्तमा-६ मा रहेको मोक्षधाममा वृक्षारोपण गरी "वृक्षारोपण सप्ताह" कार्यक्रमको समापन गर्ने निर्णय गरियो । यस अभियानमा फलफूल तथा वनस्पतिजन्य गरी कूल ५०,००० बोटविरुवाहरु वृक्षारोपण गरिनेछ ।

**निर्णय नं. ३**

- नगरक्षेत्रभित्रका महत्वपूर्ण सडकहरु वर्षाको कारणले जीर्ण भई सार्वजनिक आवागमनमा कठिनाई परेको हुँदा उक्त सडकहरुको तत्काल मर्मत सम्हार गर्न तपसिल बमोजिमका सदस्यहरु रहेको **"जीर्ण सडक मर्मत समिति"** गठन गर्ने निर्णय गरियो ।

| क्र.सं. | पद | नामथर | कैफियत |
|---|---|---|---|
| १ | संयोजक | श्री मुक्ति नारायण चौधरी | ११ नं. वडा अध्यक्ष |
| २ | सदस्य | श्री कृष्ण प्रसाद पौडेल | ८ नं. वडा अध्यक्ष |
| ४ | सदस्य | श्री नारायण न्यौपाने | ९ नं. वडा अध्यक्ष |
| ५ | सदस्य | श्री गणेश न्यौपाने | १३ नं. वडा अध्यक्ष |



Scanned by CamScanner

| | | | |
|---|---|---|---|
| ६ | सदस्य | श्री संगिता गुरुङ्ग | कार्यपालिका सदस्य |
| ७ | सदस्य | श्री सुरेन्द्र श्री | कार्यपालिका सदस्य |
| ८ | सदस्य | श्री प्रदिप वन | ईन्जिनियर, तिलोत्तमा न.पा. |
| ९ | सदस्य | श्री गिरीराज ढुङ्गे | ईन्जिनियर, तिलोत्तमा न.पा. |

**निर्णय नं. ४**

क) तिव्र जनसंख्या वृद्धि भैईरहेको यस नगरपालिकामा स्वास्थ्य सेवासँग सम्बन्धित भौतिक पूर्वाधार र दक्ष जनशक्ति नगन्य मात्रामा भएको र सामान्य औषधोपचारका लागि समेत नगरबासी टाढा जानुपर्ने, ठूलो धनराशी खर्चिनु गर्नुपर्ने र कतिपय अवस्थामा समयमा नै उपचार नपाई मृत्युवरण गर्नुपर्ने अवस्थालाई मध्यनगर गर्दै उक्त समस्याको समाधानको लागि वडा नं. १, ३, ५, ९, १२, १३ र १५ मा शहरी स्वास्थ्य केन्द्र स्थापना गर्न प्रदेश तथा केन्द्र सरकारमा माग गर्ने निर्णय गरियो ।

ख) तिलोत्तमा नगरपालिकामा हालसम्म कुनै पनि सामुदायिक अस्पताल नभएको हुँदा नगरवासीको स्वास्थ्य सम्बन्धी आवश्यकता पुरा गर्न वडा नं. १० मा रहेको सेमरा बजार स्वास्थ्य चौकीलाई स्तरोन्नति गरी सामुदायिक अस्पताल निर्माण गर्न प्रदेश तथा केन्द्र सरकारमा माग गर्ने निर्णय गरियो ।

ग) नेपाल सरकारको स्वास्थ्य नीति तथा कार्यक्रम अनुसार प्रत्येक प्रदेशमा एक मेडिकल कलेज स्थापना गर्ने अवधारणा अनुसार यस नगरक्षेत्रको वडा नं. १ र ८ को क्षेत्रमा प्रदेश स्तरीय मेडिकल कलेज निर्माण गर्ने भनिएकोमा हालसम्म उक्त कलेजको DPR समेत नभएको हुँदा उक्त योजना तत्काल कार्यान्वयन गर्नको लागि प्रदेश तथा केन्द्र सरकारसंग माग गर्ने निर्णय गरियो ।

घ) तिलोत्तमा नगरपालिका वडा नं. ८ मा अवस्थित करहिया स्वास्थ्य चौकीले २०५२ सालमा स्थापना भई सेवा प्रदान गर्दै आईरहेको भए पनि उक्त स्वास्थ्य चौकीको नाममा जग्गाधनी दर्ता प्रमाणपत्र नहुँदा स्वास्थ्य चौकीको लागि भौतिक पूर्वाधार तथा भवन निर्माणमा कठिनाई परेको हुँदा तिलोत्तमा-८, ज्योतिनगर, दिपज्योति मार्गमा रहेको साविक कि.नं. ४२ को सार्वजनिक जग्गामा ३० फुटे बाटोको लगत कट्टा गरी बाँकी रहेको ०-५-९ जग्गा करहिया स्वास्थ्य चौकीको नाममा उपलब्ध गराउनको लागि आवश्यक कागजात सहित तत्कालिन भूमि सुधार मन्त्रालयको भूमि व्यवस्थापन फाँटमा मिति २०७३।१२।२९ गते सिफारिस पेश भईसकेको हुँदा उक्त जग्गा स्वास्थ्य चौकीको नाममा उपलब्ध गराउने प्रयोजनका लागि आवश्यक निर्णय गर्न भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयमा सिफारिस गर्ने निर्णय गरियो । साथै वडा नं. १० मा रहेको सेमराबजार स्वास्थ्य चौकीको उपभोगमा रहेको जग्गालाई तत्काल जग्गाधनी दर्ता प्रमाणपत्र प्राप्तिको लागि प्रदेश तथा केन्द्र सरकारमा अनुरोध पठाउने निर्णय गरियो ।

**निर्णय नं. ५ विविध**

क) पूर्व प्राथमिक विद्यालय तथा टिचिङ्ग सेन्टर सम्बन्धमा ।



Scanned by CamScanner

- तिलोत्तमा नगरपालिकाको शैक्षिक प्रोफाईललाई पूर्णता दिनको लागि सम्पूर्ण वडा कार्यालयहरुले वडाभित्र रहेका पूर्व प्राथमिक विद्यालय तथा टियुसन/टिचिङ्ग सेन्टरको तथ्यांक उपलब्ध गराई उक्त कार्यमा सहयोग पुऱ्याउने निर्णय गरियो ।

ख) नगर प्रहरी तथा नाकाका कर्मचारी सम्बन्धमा ।

- तिलोत्तमा नगरपालिकाको प्रथम नगरसभाको निर्णयानुसार १० जना नगर प्रहरी भर्ना गर्ने भनिएकोमा बाँकी रिक्त पदमा (३ पुरुष र २ महिला गरी जम्मा ५ जना) अर्को व्यवस्था नभएसम्मका लागि प्रचलित कानुनको अधिनमा रहि करारमा भर्ना गर्नको लागि सार्वजनिक विज्ञापन प्रकाशन गर्ने निर्णय गरियो । साथै नदीजन्य पदार्थ निकासी सडकहरु (नाका) का लागि कर्मचारीहरुको (१४ जना) व्यवस्थापनका सम्बन्धमा नगरपालिकाको मुख्य कार्यालय र अर्न्तगतका वडा कार्यालयमा सूचना टाँस गरी ज्यालादारीमा नियमानुसार भर्ना गर्ने निर्णय गरियो ।

ग) नगर प्रहरी संचालन तथा व्यवस्थापन कार्यविधि,२०७५ संशोधन सम्बन्धमा ।

- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ (८) बमोजिम नगर प्रहरी पदको लागि स्थायी पदपूर्ति नगरी प्रतिस्पर्धाको आधारमा सेवा करारबाट पदपूर्ति गर्नुपर्ने व्यवस्था भएको र करारमा जनशक्ति पदपूर्ति गर्दा कार्यालयको आवश्यकता अनुसार गर्नुपर्ने हुँदा तिलोत्तमा नगरपालिकाको नगर प्रहरी संचालन तथा व्यवस्थापन कार्यविधि, २०७५ को दफा १६ मा देहाय बमोजिमको उपदफा ८ थप गरी उक्त कार्यविधि संशोधन गर्ने निर्णय गरियो ।

**दफा १६ को उपदफा ८**

- यस दफा बमोजिम सेवा करारमा नियुक्ति गर्दा उम्मेदवारको आवश्यक योग्यता र छनौटको प्रक्रिया कार्यालयको आवश्यकता अनुसार कार्यालयले नै निर्धारण गरी खुला प्रतिस्प्रर्धाको माध्यमबाट पदपूर्ति गर्न सक्नेछ ।

घ) सम्पत्ति कर व्यवस्थापन कार्यविधि,२०७४ संशोधन सम्बन्धमा ।

- तिलोत्तमा नगरपालिकाको सम्पत्ति कर व्यवस्थापन कार्यविधि,२०७४ को परिच्छेद २ दफा ४ को उपदफा (ग) को सट्टामा देहाय बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

**दफा ४ को उपदफा (ग)**

- RCC संरचनाको ५० वर्षको आयु र मूल्यांकनको १० प्रतिशत मूल्यलाई अवशेष मूल्य मानि स्थायी किस्ता विधिबाट गर्ने ।
- लोड वियरिङ्ग (पिल्लर नभएको ईट्टाको गाह्रो) घरको ३० वर्षको आयु र मूल्यांकनको १० प्रतिशत मूल्यलाई अवशेष मूल्य मानि स्थायी किस्ता विधिबाट गर्ने ।
- ट्रस संरचनाको २० वर्षको आयु र मूल्यांकनको १० प्रतिशत मूल्यलाई अवशेष मूल्य मानि स्थायी किस्ता विधिबाट गर्ने ।
- कच्ची घरको १० वर्षको आयु मानि स्थायी किस्ता विधिबाट गर्ने ।



Scanned by CamScanner